# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४ चौमाला, कैलाली चेत २४ गते आइतवार, २०७७ साल, (संख्या १२)

भाग -३

## सुरक्षित आवासगृह (सेफ हाउस) सञ्चालन कार्यविधि,२०७७

**प्रस्तावना** : गौरीगङ्गा नगरपालिकाभित्र बसोवास गर्ने अन्यायमा परी ज्यूज्यान बचाउन असहज परिस्थितिमा रहेका महिला तथा वालिकाहरुलाई सुरक्षित आवासगृह (सेफ हाउस) सेवा प्रदान गर्न आवास गृह सञ्चालन तथा व्यवस्थापन व्यवस्थित र प्रभाकारी रुपमा गर्ने उद्देश्यले  स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) र गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम यो कार्यविधि बनाइएको छ ।

(१) संक्षिप्त नाम र प्रारम्भः कार्यविधिको नाम “सुरक्षित आवासगृह ( सेफ हाउस) संचालन कार्यविधि, २०७७” हुनेछ ।

(२) यो कार्यविधि गौरीगङ्गा नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

(३) परिभाषा : यस कार्यवधिमा विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

(क) “सुरक्षित आवासगृह (सेफ हाउस) ” भन्नाले गौरीगङ्गा नगरपालिका भित्र बसोवास गर्ने असहाय हिंसा पीडित महिला तथा बालिकालाई सुरक्षित एवं व्यवस्थित ढंगले राख्न यो कार्यविधि बमोजिम तोकिएको घर कम्पाउण्डलाई सम्झनु पर्दछ ।

(ख) “प्रमुख” भन्नाले गौरीगङ्गा नगरपालिको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) “उप-प्रमुख” भन्नाले  गौरीगङ्गा नगरपालिको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

गौरीगङ्गा राजपत्र

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गौरीगङ्गा नगरपालिको कार्यालय प्रमुख वा सो कार्यगर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठन हुने समितिलाई जनाउँछ ।

(च) "महिला र बालिका " भन्नाले हिंसा पीडित भएका असहाय महिला र बालिकाको हकमा १८ वर्ष उमेर सम्मका असहाय हिंसा पीडित वालिकालाई जनाउँछ ।

(छ) "जोखिममा रहेका " भन्नाले हिंसा परेका महिला तथा बालिकालाई यथास्थानमा राख्दा ज्यूज्यानमा असर पर्न सक्ने अवस्थालाई सम्झनु पर्दछ ।

(ज) "निकाय" भन्नाले हिंसा पीडित महिला तथा बालिकाहरुलाई आर्थिक सहयोग, साररिक उपचार, कानूनी उपचार, क्षमता अभिवृद्धि, सिपमूलक तालिम प्रर्दान गर्ने सरकारी कार्यालय वा गैर सरकारी संघ संस्था सम्झनु पर्ने छ ।

(ज) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

## समिति गठन

(४) असुरक्षित महसुस गरी न्याय माग्न आउने महिला तथा बालिकाहरुलाई सुरक्षित आवासगृहमा सुरक्षित तवरले तोकिएको समयसम्म राख्न र तत्सम्वन्धी आवश्यक व्यवस्था गर्न एक व्यवस्थापन समिति देहाय बमोजिम गठन गरिने छ ।

| | |
|---|---|
| १. नगरपालिकाका उप-प्रमुख | संयोजक |
| २. सेफ हाउँस स्थापना भएको वडाका वडा अध्यक्ष | सदस्य |
| ३. नगर कार्यपालिका सदस्य मध्ये बाट नगर प्रमुखले चयन गरेको १ जना | सदस्य |
| ४. कानून शाखा प्रमुख | सदस्य |
| ५. ईलाका प्रहरी कार्यालय चौमालाका प्रमुख वा प्रतिनिधि १ जना | सदस्य |
| ६. आवासगृह सञ्चालनमा सहयोग गर्ने संस्थाहरु मध्येबाट कार्यपालिकाले चयन गरेको संस्थाको प्रमुख | सदस्य |
| ७. महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

गौरीगङ्गा राजपत्र

८. समितिको वैठक प्रत्येक महिनामा कम्तिमा एक पटक पटक वस्नेछ र सो वैठेकको भत्ता नियमानुसार यस कार्यविधि बमोजिमको कोषबाट व्यवस्था गर्न सकिनेछ ।

(९) यस समितिको पदाबधि ३ बर्षको हुनेछ ।

(५)सुरक्षित आवासगृह व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ :

(१) गौरीगङ्गा नगरपालिकाभित्र बसोवास गर्ने जोखिममा रहेका हिंसा पीडित महिला तथा बालिकाहरु पहिचान गरी आवास गृहमा राख्ने ब्यवस्था गर्ने ।

(२) सुरक्षित आवास गृह सञ्चालन व्याबस्थापनका लागि प्राप्त भएको रकम र कार्य प्रगति प्रतिवेदन तयार पारी नगरपालिकामा दुई मासिक रुपमा कार्यालयमा बुझाउने ।

(३) सुरक्षित आवास गृहको सुरक्षा ब्यवस्थाको अनुगमन र नियमन कार्य गर्ने ।

(४) महिला तथा बालिकाको स्वास्थ्य सुरक्षा र कानूनी सहायता सम्बन्धी कार्य गर्ने ।

(५) सेफ हाउसमा रहेका पीडितहरुको क्षमता विकास सम्बन्धी तालिम सञ्चालका लागि आवश्यक प्रबन्ध गर्ने ।

(६) नगर सभाबाट तोकिएको मापदण्ड अनुसार खर्च स्वीकृत गर्ने ।

(७) जोखिममा रहेका हिंसा पीडित महिला तथा बालिकाहरु हित, स्वास्थ्य तथा कानूनी उपचारका लागि अन्य सहयोगी निकाय आबश्यकताका आधारमा सिफारिस गर्ने ।

(८) सुरक्षित आवास गृह सञ्चालनमा सहजता प्रदान गर्न व्याबस्थापन समितिको निर्णय अनुसार बजेट र कार्यक्रमको परिधिभित्र रही करार सेवामा आवश्यक कर्मचारी प्रचलित कानून बमोजिम ब्यवस्था गर्ने वा कुनै निकायबाट कर्मचारी प्राप्त भएमा आवश्यकताका आधारमा प्राप्त गर्ने । तर कर्मचारी राख्नु परेमा निश्चित अवधीको लागी करार सेवामा राख्नु पर्ने छ ।

(९) सेफ हाउस सञ्चालन व्यबस्थापनको लागि समितिले आबश्यक सहकार्य गर्न संघ संस्था छनौट गर्न सक्नेछ ।

(१०) अन्य काम कर्तव्य र अधिकार सम्बन्धित समितिको सिफारिसमा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–३

## कोषको व्यवस्थापन तथा मापदण्ड

(६)सुरक्षित आवासगृह सञ्चालन गर्नका लागि कोषको व्यवस्था निम्न अनुसार हुनेछ । :

गौरीगङ्गा राजपत्र

(१) हिंसा पीडित महिला तथा बालबालिकाको सुरक्षाका लागि सुरक्षित आवासगृह सञ्चालन गर्न नगरकार्यपालिकाले एउटा छुट्टै कोष खडा गर्नेछ । उक्त कोषमा नगरपालिकाबाट बिनियोजित रकम र विभिन्न दाताहरुबाट प्राप्तहुने रकम राखीने छ । त्यस कोषमा भएको खर्च अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(२) बैंक खाताको सञ्चालन र हरहिसावको लेखा परीक्षण नगरपालिकाले गर्नेछ ।

(३) यो कार्यविधि लागू हुनु अगाबै यो विषयसंग सम्वन्धित भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(७) न्यूनतम मापदण्ड : सुरक्षित आवासगृह (सेफ हाउस) को मापदण्ड  निम्नानुसार रहनेछ ।

(१) आवास गृह परिसरअन्तर्गत :

क) चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबेराले घेरिएको,

ख) हाताभित्र गृह अनुसारको खुल्ला ठाउँ रहेको,

ग) आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्धार भएको,

घ) सुरक्षाको दुष्टिकोणले उपयुक्त स्थान ।

(२) आवास गृहमा रहने सुविधाः

क) दुबैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरु,

ख) प्रत्येकका लागि छुट्टाछुट्टै खाट,

ग)  बालिकाको लागि अलग्गै कोठा,

घ) मनोसामाजिक विमर्श (Psycho-social Counseling) का लागि छुट्टै कक्ष

ङ) मनोरञ्जन, अन्तरक्रिया लागि साझा कक्ष (Common Room)

च) शौचालय तथा स्नान कक्ष

छ) साझा टेलिभिजन

ज) मौसम हेरी पंखा, हिटर

झ) पिउँने पानी

ञ) सुरक्षाका लागि आवश्यकता अनुसार पाले पहरा ।

गौरीगंगा राजपत्र

(३) लुगाफाटोः आफैले उपलब्ध गराउन नसक्नेलाई एक जोर चप्पल र एकसरो लगाउने लुगा ।

(४) खानेकुराः दैनिक खानेकुराको व्यवस्था समितिले तोकेबमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्दछ ।

क) विहान चिया सँगै खाजा,

ख) दिउँसो खाना,

ग) अपरान्ह खाजा सँगै चिया,

घ) बेलुकी खाना,

ङ) मांशाहारीका लागि सातामा एकपल्ट माछा वा मासु तथा शाकाहारीहरुको हकमा खिर वा दुध वा दही वा फलफुल,

च) उमालेको वा शुद्धीकरण गरिएको खानेपानी,

(५) स्वास्थ्योपचारः समितिले तोकेको अस्पतालमा प्रभावित महिलाको स्वास्थ्योपचार गराईनेछ । स्वास्थ्योपचार तर्फ निम्न व्यवस्था सेफ हाउसमा सुनिश्चित गरिनेछ ।

क) प्राथमिक उपचार बाकस,

ख) समस्या हेरी नियमित उपचार,

ग) आकस्मिक उपचार,

घ) बालिकाका हकमा उमेर अनुसार लगाउनु पर्ने खोप ।

(६) मनोसामाजिक विमर्शः व्यवस्थापन समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शक (Counselior) बाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गरिनेछ ।

क) संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा,

ख) संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा,

ग) सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

(७) कानूनी सेवा : १) प्रभावित महिलाले प्रचलित कानून बमोजिमको हक तथा न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ सेवा ।

(८) सेफ हाउसको सामाजिक बातावरण :

क) प्रभावित महिलालाई ममतामय, सहानुभुतिपूर्ण एवं सम्मानजनक व्यवहार गरिनेछ,

गौरीगंगा राजपत्र

ख) प्रभावित महिलाको पहिचानको आबश्यकता अनुसार गोपनियता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरितको कुनै पनि कार्य गर्न बाध्य पारिने छैन,

ग) आवास गृहमो अनुमति प्राप्त चिकित्सक, कर्मचारी, सफाईकर्मी लगायतका समितिले तोकेको अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही हुनेछ,

घ) सेफहाउसको व्याबस्था सम्बन्धी जानकारी सूचना बोर्ड तयार गरी राख्नुपर्नेछ ।

(८) अभिलेखः आवासगृहले देहायबमोजिम अभिलेख राख्नुपर्दछ ।

१) प्रभावित महिलाको नाम दर्ता किताब ।

२) संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब ।

३) प्रभावित महिलाको व्यक्तिगत गोप्य फायल ।

४) नगर व्यवस्थापन समितिको निर्णय किताब ।

५) दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सो को पुष्टी गर्ने कागजात ।

६) स्वास्थ्य, उपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवा पिच्छे लगत ।

७) समितिले तोकेको अन्य अभिलेख ।

(९)सेफहाउस सञ्चालनको लागि विनियोजीत रकमको परिधिभित्र रहि घर भाडा, मालसामान, औषधोपचार, कानूनी उपचार, फिर्ता सम्प्रेषण, खानेकुरा, मनोसामाजिक विमर्श, संचार, यातायात, कर्मचारी पारीश्रमिक, कार्यालय सामग्री , सिपमुलक तालिम लगाएत अन्य भैपरी आउने खर्चहरु समेत गर्न सकिनेछ । उक्त रकम समितिको निर्णय अनुसार स्विकृत गरी लागूहुनेछ ।

## परिच्छेद–४

## अनुदान तथा पुनःस्थापना

(१०) पीडित व्याक्तिलाइ जिविकोपार्जन अनुदानको लागि व्याबस्थापन समितिको निर्णय अनुदान स्वरुप स्विकृत रकम उपलव्ध गराउने वा सरोकारवाला निकायमा सिफारिस गरिनेछ ।

(११) नगरपालिकाबाट सिफारिसगरिएका असहाय हिंसापीडित महिला तथा बालिकाको हकमा प्रति व्यक्ति प्रति दिनका दरले जती दिन सेवा प्राप्त गर्छ सो वरावरको आवश्यक प्रर्ने रकम सम्बन्धीत पालिका वा व्यक्तिले व्यवस्था गर्ने सुनिश्चितता भएको खण्डमा भुक्तानी लिने गरी आवासगृहमा राख्न सकिनेछ ।

(१२) हिंसा प्रभावितको पुनःमिलन र सामाजिक पुनःस्थापना गर्न अभिभावक, पालिकाका जनप्रतिनिधी र भद्र भलादमी रोहरवरमा घर फिर्ता गरिने छ ।

## परिच्छेद–५

## विविध

(१३) पीडित बालिका भएमा वालिकाको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थासंग समन्वय गरी उचित सेवा सुभिधाको व्यवस्था गर्ने प्रयास गरीने छ।

(१४) पीडित महिलाहरुको सिप विकास गर्न तथा आर्थिक सबलिकरण गर्नकालागि सिपमुलक तालिमको व्यवस्था  गरिने छ।

(१५) आवासगृहमा बसेका पीडितलाई भेट्न आउने व्यक्तिले पीडितको स्वीकृति भएमा मात्र भेट्न पाउँनेछ। यसरी भेट्न आउने व्यक्तिले कार्यालय समय भित्र आवासगृहका कर्मचारीलाई जानकारी गराई अनुमति लिनु पर्नेछ।

(१६) आवासगृहमा सरोकारवाला बाहेक अन्य पुरुषहरुको प्रवेश निषेध गरिने छ र पीडित महिला कुनै कारण वस आवासगृह बाहिर जानु परेमा आवासगृहका कर्मचारी अनुमतीमा सकेसम्म आवासगृहका कर्मचारी संगै लैजानु पर्नेछ।

(१७) आवासगृहमा रहेका पीडितहरुलाई मनोरञ्जन तथा ज्ञान विकासका लागि पुस्तक, दैनिक पत्रपत्रिकाहरु, टेलिभिजन को व्यवस्था रहने छ।

(१८) यो कार्यविधि सेफहाउस सम्बन्धी प्रचलित नेपाल सरकारको कानुन सँग बाझिन गएमा बाझिएको हद सम्म कार्यविधिमा लेखिएका कुराहरु अमान्य हुनेछन्।

(१९) यस कार्यविधिको कार्यान्वयमा कुनै बाधा अड्काउ उत्पन्न भएमा नगर कार्यापालिकाको निर्णय गरी फुकाउ गर्न सकिनेछ।

आज्ञाले
खगेन्द्र राज जोशी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगङ्गा राजपत्र